# अपुग रकम भुक्तानी (आवेदन पत्र) सम्बन्धी जानकारी

वितरणको जानकारी वा पुष्टि पत्र प्राप्त
नगरेको व्यक्तिले आवेदन पत्र पेस गर्नु पर्नेछ।

## ▶ अपुग रकम भुक्तानीको बारेमा

मूल्यवृद्धिको कारण पारिवारिक खर्चमा परेको भारलाई कम गर्नको लागि आर्थिक वर्ष रेइवा 6 सालमा निश्चित रकम कर छुट (आय करबाट 30,000 येन र आयमा आधारित निवासी करबाट 10,000 येन) दिइने भएको छ। साथै रेइवा 5 सालको आयको आधारमा हिसाब गरी पर्याप्त कर छुट गर्न नसकिने भनेर ठहर गरिएका व्यक्तिहरूलाई समायोजन रकम वितरण गरिएको थियो। रेइवा 6 सालको आय कर तथा निश्चित कर छुट रकम निर्धारण गरेपछि पुन: हिसाब गरी, वितरण रकम अपुग भएका व्यक्तिहरू आदिलाई अपुग रकम वितरण गरिनेछ।

## ▶ आवेदन पत्रको दायरामा पर्ने व्यक्तिहरू

रेइवा 6 सालको अवधिमा अन्य सहर वा गाउँपालिकाबाट फुकुओका सहरमा बसाइ सरेको जस्ता, अपुग रकम भुक्तानीको दायरामा पर्न सक्ने व्यक्तिहरू (पछाडिको भागको फ्लोचार्ट हेर्नुहोस्)

*फ्लोचार्टमा आवेदनको दायरामा परेको व्यक्ति भए तापनि, छानबिनको नतिजा, अपुग रकम भुक्तानीको दायरामा नपर्ने अवस्थाहरू हुन सक्ने हुनाले यो कुरा बुझिराख्नुहुन अनुरोध गर्दछौं।

## ▶ अपुग रकम भुक्तानी वितरणको प्रक्रिया

माथि लेखिएको दायरामा पर्ने व्यक्तिहरूले आवेदन पत्र पेस गर्नुहोस्।
"अपुग रकम भुक्तानीको वितरण सम्बन्धी जानकारी" अथवा "अपुग रकम भुक्तानीको वितरण पुष्टि पत्र" प्राप्त गरेको व्यक्तिले आवेदन पत्र पेस गर्नु पर्दैन।

**पेस म्याद: रेइवा 7 साल अक्टोबर 31 तारिख (शुक्रबार) *यो मितिको हुलाक चिन्ह मान्य हुनेछ।**

वडा कार्यालय र सहर कार्यालयको काउन्टरमा पेस गर्न सकिँदैन।

"अपुग रकम भुक्तानी आवेदन पत्र" को पछाडिको भागमा लेखिएको आवश्यक कागजातहरू (परिचय खुल्ने कागजात, प्राप्त गर्ने खाता पुष्टि गर्न सकिने कागजातको प्रतिलिपि आदि) सोही खाममा हालेर पेस गर्नुहोस्।
आवेदन पत्र भर्ने तरिकाको लागि सहरको होमपेज अथवा संलग्न पत्र "अपुग रकम भुक्तानी आवेदन पत्रको भर्ने तरिका" हेरी निश्चय गर्नुहोस्।

## ▶ अपुग रकम भुक्तानीको वितरण रकम

**अपुग रकम भुक्तानी Ⅰ**

आर्थिक वर्ष रेइवा 6 सालको निवासी करमा पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकम (आयमा आधारित निवासी करको छुट नपुगेको रकम) र रेइवा 6 सालको आय करमा पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकम (आय करको छुट नपुगेको रकम) जोडी, समायोजन भुक्तानी रकम घटाइएको रकम (तलको तालिका अनुसार)

वास्तवमा भुक्तानी गर्नुपर्ने रकम

बायाँ लेखिएको ③ लाई 10,000 येन एकाइमा बढाइनेछ।

आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर आयमा आधारित करको छुट नपुगेको रकम (①) + रेइवा 6 सालको आय करको छुट नपुगेको रकम (②) = छुट नपुगेको रकम (③) (①+②) → भुक्तानी गर्नुपर्ने रकम (④)

*"छुट नपुगेको रकम" ले पर्याप्त निश्चित रकम कर छुट गर्न नसकिएको रकमलाई जनाउँछ।

वितरण रकम

भुक्तानी गर्नुपर्ने रकम (④) - आर्थिक वर्ष रेइवा 6 सालमा समायोजन भुक्तानीको रूपमा वितरण गरिएको रकम = अपुग रकम भुक्तानीको वितरण रकम

**अपुग रकम भुक्तानी Ⅱ**

सामान्यतया 40,000 येन

## ▶ आवेदन दिनको लागि पेस गर्नुपर्ने कागजातहरू

(अनिवार्य रूपमा पेस गर्नुपर्ने कुराहरू)

- **अपुग रकम भुक्तानी आवेदन पत्र**
  * आवश्यक विवरण लेख्नुहोस्।
  - **आवेदक (अथवा प्रतिनिधि) को नाम आदि**
  - **प्राप्त गर्ने खाता**
- **सम्बन्धित व्यक्ति (प्रतिनिधि) को परिचय खुल्ने कागजातको प्रतिलिपि**
  *आवेदकको नाम, ठेगाना र जन्म मिति पुष्टि गर्न सकिने म्याद नबितेको कागजात (सवारी चालक अनुमति पत्र, स्वास्थ्य बीमा कार्ड, माइ नम्बर कार्ड (अगाडिको भाग), नर्सिङ बीमा कार्ड आदि) मध्ये कुनै एउटाको प्रतिलिपि
  *प्रतिनिधिले गर्ने खण्डमा सम्बन्धित व्यक्ति तथा प्रतिनिधिको परिचय खुल्ने कागजात आवश्यक पर्नेछ।
- **प्राप्त गर्ने खाता पुष्टि गर्न सकिने कागजातको प्रतिलिपि**
  प्राप्त गर्ने खाता भएको वित्तीय संस्थाको नाम, शाखाको नाम, खाता नम्बर, खातावालाको नाम (काताकाना) थाहा हुने बैंकको पासबुक वा क्यास कार्डको प्रतिलिपि

(कानुनी प्रतिनिधिले प्रतिनिधिको रूपमा प्राप्त गर्ने खण्डमा)

- **सम्बन्धित व्यक्तिसँगको सम्बन्ध थाहा हुने कागजातको प्रतिलिपि**
  परिवार दर्ता गरिएको सबैको व्यक्तिगत विवरण प्रमाणित गर्ने कागजात, दर्ता विवरण प्रमाणपत्र, अदालतले निर्णय गरेको कुरा पुष्टि गर्न सकिने कागजात मध्ये कुनै एउटा
  *3 महिना भित्र जारी भएका कागजातहरू मात्र मान्य हुनेछन्।

### <अपुग रकम भुक्तानी Ⅰ>

(रेइवा 6 सालको अवधिमा अन्य सहर वा गाउँपालिकाबाट फुकुओका सहरमा बसाइ सरेको व्यक्ति)

- **समायोजन भुक्तानी वितरण निर्धारण सूचना पत्र अथवा पुष्टि पत्र (वितरणको जानकारी पत्र) को प्रतिलिपि**
  - "समायोजन भुक्तानीको दायरामा नपरेका व्यक्तिहरू" र "समायोजन भुक्तानीको दायरामा परेका तर माथि लेखिएका कागजातहरू संलग्न गर्न नसक्ने व्यक्तिहरू" ले सोही खाममा आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको पछिल्लो कर भुक्तानी सूचना पत्र, विशेष सङ्कलन कर रकमको सूचना पत्र अथवा कर लगाइएको प्रमाणपत्र हाल्नुहोस्।
- **"आर्थिक वर्ष रेइवा 6 सालको सुरुवात (रेइवा 6 साल जुन) पछि कर लगाइएको विवरणमा संशोधन भएको व्यक्तिहरू" ले सोही खाममा आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको पछिल्लो कर भुक्तानी सूचना पत्र, विशेष सङ्कलन कर रकमको सूचना पत्र अथवा कर लगाइएको प्रमाणपत्र हाल्नुहोस्।**
  * सोही खाममा आर्थिक वर्ष रेइवा 6 सालको निवासी करको पछिल्लो कर भुक्तानी सूचना पत्र, विशेष सङ्कलन कर रकमको सूचना पत्र अथवा कर लगाइएको प्रमाणपत्र नभएको खण्डमा, कर लगाइएको विवरणमा संशोधन नभएको भनेर मानिनेछ।

(रेइवा 6 साल जनवरी 1 तारिखको मितिमा विदेशमा बसोबास गरी, रेइवा 6 सालको अवधिमा विदेशबाट फुकुओका सहरमा बसाइ सहेका व्यक्तिहरू)

- **विदेशमा भएको कुरा प्रमाणित हुने कागजात (कम्पनीको कार्य आदेश, निवासी प्रमाणपत्रको प्रतिलिपि आदि)**

(रेइवा 6 साल जनवरी 1 तारिख पछि निरन्तर फुकुओका सहरमा निवासी दर्ता भएका व्यक्तिहरू)

- **(रेइवा 6 सालको आय करमा संशोधन भएको खण्डमा)**
  **रेइवा 6 सालको ट्याक्स विथहोल्डिङ स्लिप अथवा कर उद्घोष पत्रको प्रतिलिपि**
- **(आर्थिक वर्ष रेइवा 6 सालको निवासी करमा संशोधन भएको खण्डमा)**
  **आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर उद्घोष पत्र अथवा पछिल्लो कर भुक्तानी सूचना पत्रको प्रतिलिपि**

### <अपुग रकम भुक्तानी Ⅱ>

(रेइवा 6 सालको अवधिमा अन्य सहर वा गाउँपालिकाबाट फुकुओका सहरमा बसाइ सरेको व्यक्ति)

- **आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत निवासी करको पछिल्लो कर भुक्तानी सूचना पत्र अथवा कर लगाइएको प्रमाणपत्रको प्रतिलिपि**

(निलो रङ्गको व्यवसाय समर्पित व्यक्ति अथवा व्यवसाय समर्पित व्यक्ति)

- **व्यवसायको मालिकको रेइवा 6 सालको आय कर उद्घोष पत्र अथवा निलो रङ्गको व्यवसाय समर्पित व्यक्तिसँग सम्बन्धित सूचना पत्रको प्रतिलिपि आदि**

* आर्थिक वर्ष रेइवा 6 सालको कर लगाइएको प्रमाणपत्र रेइवा 6 साल जनवरी 1 तारिखमा बसोबास गरेको स्थानमा प्राप्त गर्नुहोस्।
* पेस गरिएका कागजातहरू फिर्ता गरिनेछैन। यो कुरा बुझिराख्नुहुन अनुरोध गर्दछौं।

## अपुग रकम भुक्तानीको दायरा निश्चय फ्लोचार्ट (अपुग रकम भुक्तानी Ⅰ)

<अपुग रकम भुक्तानी Ⅰ दायरामा पर्ने व्यक्तिहरूको फ्लोचार्ट>

रेइवा 7 साल जनवरी 1 तारिखको मितिमा फुकुओका सहरमा बसोबास गरिरहेको (फुकुओका सहरले आर्थिक वर्ष रेइवा 7 साल व्यक्तिगत निवासी कर लगाउनेछ)

- होइन → तपाईं बसोबास गर्नुभएको सहर वा गाउँपालिकामा सम्पर्क गर्नुहोस्।
- हो ↓

आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत आयमा आधारित निवासी कर अथवा रेइवा 6 सालको आय कर कम्तिमा पनि कुनै एउटामा कर लगाइएको छ

<निश्चय गर्ने तरिका>

व्यक्तिगत आयमा आधारित निवासी कर .... कर रकम निर्धारण सूचना पत्रको "आयमा आधारित कर रकम"

आय कर ... कर उद्घोषको "पुनः कटौती आय कर रकम" वा ट्याक्स विथहोल्डिङ स्लिपको "ट्याक्स विथहोल्डिङ कर रकम" आदि

- होइन → अपुग रकम भुक्तानी Ⅱ को फ्लोचार्ट (दायाँ पृष्ठ) मा जानुहोस्।
- हो ↓

Ⅰ + Ⅱ (कुल रकमलाई 10,000 येन एकाइमा बढाइनेछ) - Ⅲ > 0 हुने व्यक्ति

Ⅰ : <रेइवा 6 सालको आय करको कर छुट सम्भव रकम (30,000 येन × (सम्बन्धित व्यक्ति + आश्रित परिवारको सदस्य)) - रेइवा 6 सालको आय कर

Ⅱ : आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत निवासी करको कर छुट सम्भव रकम (10,000 येन × (सम्बन्धित व्यक्ति + आश्रित परिवारको सदस्य)) - आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत आयमा आधारित निवासी कर

Ⅲ : आर्थिक वर्ष रेइवा 6 सालको समायोजन भुक्तानी रकम

- होइन → भुक्तानी रकमको दायरामा पर्दैन।
- हो ↓

रेइवा 6 सालको अवधिमा सहर बाहिरबाट फुकुओका सहरमा बसाइ सरेको

- हो → अपुग रकम भुक्तानी Ⅰ आवेदनको दायरामा पर्छ।
- होइन ↓

आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत आयमा आधारित निवासी कर लगाइएको र रेइवा 6 सालको अवधिको आम्दानी 0 येन भएको

- हो → अपुग रकम भुक्तानी Ⅰ आवेदनको दायरामा पर्छ।
- होइन ↓

रेइवा 7 साल जुनसम्मको निवासी करको कर रकम निर्धारण सूचना पत्रको विवरणबाट, आर्थिक वर्ष रेइवा 6 सालको निवासी कर अथवा रेइवा 6 सालको आय करको आय तथा छुट परिवर्तन भएको छ।

- हो → अपुग रकम भुक्तानी Ⅰ आवेदनको दायरामा पर्छ।
- होइन ↓

भुक्तानी रकमको दायरामा पर्दैन।

**सेल्फ चेकको विस्तृत जानकारीको लागि सहरको होमपेज हेरी निश्चय गर्नुहोस्।**

## अपुग रकम भुक्तानीको दायरा निश्चय फ्लोचार्ट (अपुग रकम भुक्तानी Ⅱ)

<अपुग रकम भुक्तानी Ⅱ दायरामा पर्ने व्यक्तिहरू फ्लोचार्ट>

आर्थिक वर्ष रेइवा 6 सालको व्यक्तिगत आयमा आधारित निवासी कर तथा रेइवा 6 सालको आय कर दुवै छुट भएको थियो।

- होइन → भुक्तानी रकमको दायरामा पर्दैन।
- हो ↓

कर प्रणाली अन्तर्गत आश्रित परिवारको सदस्यको दायरामा पर्ने उदाहरण) कुल आय रकम 480,000 येन भन्दा बढी, व्यवसाय समर्पित व्यक्ति

- होइन → भुक्तानी रकमको दायरामा पर्दैन।
- हो ↓

न्यून आय परिवारलाई दिइने अनुदानको दायरामा पर्ने परिवारको घरमूली वा परिवारको सदस्य

- हो → भुक्तानी रकमको दायरामा पर्दैन।
- होइन ↓

अपुग रकम भुक्तानी Ⅱ आवेदनको दायरामा पर्छ।

## अपुग रकम भुक्तानीको वितरण समय

फुकुओका सहरले आवेदन पत्र स्वीकार गरेपछि 1 महिना जति लाग्ने अवस्थाहरू हुन सक्छ।

लेखिएको विवरण वा संलग्न कागजातमा त्रुटि, अन्य सहरसँगको भुक्तानीको स्थिति निश्चय आदिको कारणले वितरण ढिला हुने सम्भावना छ।

छानबिन समाप्त भएपछि भुक्तानीका सर्तहरू पूरा गरेको व्यक्तिहरूलाई वितरण रकम तथा वितरण मिति लेखिएको "वितरण निर्धारण सूचना पत्र" पठाइनेछ।

**"बैंक स्थानान्तरण ठगी" र "व्यक्तिगत जानकारीको चोरी"** प्रति सावधान रहनुहोस्!

- प्रक्रिया गर्दा कदापि स्वचालित टेलर मेसिन (ATM) प्रयोग गर्न भनिनेछैन।
- हामी भुक्तानी रकमको कुरा लिएर तपाईंको घरमा कदापि आउनेछैनौं।

तपाईंलाई कसैले आफू फुकुओका सहरको कर्मचारी आदि भएको भन्दै शंकास्पद फोन गरेमा वा कोही घरमा भेट्न आएको खण्डमा नजिकको प्रहरी कार्यालय वा प्रहरी परामर्श हटलाइन (＃9110)मा सम्पर्क गर्नुहोस्।

### お問い合わせ　Inquiries　咨询电话　문의처　Liên hệ　सोधपुछ

# 福岡市不足額給付金コールセンター

Fukuoka City Shortfall Benefit Call Center
福冈市差额补助金呼叫中心
후쿠오카시 부족액 급부금 콜센터
Tổng đài tiền trợ cấp cho khoản tiền còn thiếu của thành phố Fukuoka
फुकुओका सहर अपुग रकम भुक्तानी कल सेन्टर

**Tel:0120-835-250**
FAX:050-3527-0212
Eメール: fusokugakukyufu@fukuoka-fuc.com

Support available in English, Chinese, Korean, Vietnamese and Nepali

受付時間　平日午前9時～午後6時(土･日･祝日休み)
Lines open: weekdays 9:00 a.m. –6:00 p.m. (lines closed: weekends and public holidays)
受理时间　工作日9：00—18：00（周六周日法定节假日不受理）
운영시간 평일 오전9시~오후6시(토・일・공휴일 휴무)
Thời gian tiếp nhận: Các ngày trong tuần từ 9:00 ~ 18:00 (nghỉ vào thứ Bảy, Chủ Nhật, ngày nghỉ lễ)
खुल्ने समय: अफिस खुल्ने दिनको बिहान 9:00 बजेदेखि बेलुकी 6:00 बजेसम्म (शनि, आइत, र रातो बिदाको दिनमा बन्द)

The information on this leaflet is available in multiple languages on the Fukuoka City official website.
本宣传单的相关内容以多语言刊登在官网。
본 안내지 내용에 관한 정보는 홈페이지에 다언어로 게재합니다.
Thông tin liên quan đến nội dung của tờ rơi này được đăng tải trên trang chủ bằng nhiều thứ tiếng.
यो सूचनाको विवरण सम्बन्धी जानकारीलाई होमपेजमा बहुभाषामा राखिएको छ।